
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ३ गते सोमबार ❑ 19 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## भौतिक संरचना निर्माणमा रोक

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

देशकै पर्यटकीय सहर पोखराको मुख्य पर्यटकीय गन्तव्य फेवातालको मापदण्डभित्रका क्षेत्रमा पोखरा महानगरपालिकाले कुनै पनि प्रकारको संरचना निर्माणमा रोक लगाएको छ ।



महानगरले तालको मापदण्डभित्रको ६५ मिटर क्षेत्रभित्र संरचना निर्माण नगर्न आग्रह गरेको हो । पछिल्ला केही समययता तालको मापदण्डभित्र विभिन्न व्यक्तिहरूले भौतिक संरचना निर्माण गर्दा ताल अतिक्रमण बढ्दै गएपछि महानगरले सार्वजनिक सूचना जारी गरी तालको मापदण्ड कडाइका साथ लागू गरिने जनाएको छ । सर्वोच्च अदालतबाट महानगरपालिकालाई तालको मापदण्डभित्र कुनै पनि संरचना निर्माणकार्य रोक्का गर्न आदेश भएकामा सोहीअनुसार निर्माणमा रोक लगाइएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार अदालतको आदेशको अवज्ञा गर्दै विभिन्न निर्माणकार्य भइरहेकाले त्यस्ता अनधिकृत संरचना निर्माणकार्य तत्काल रोक्न आग्रह गरिएको हो । ताल किनारका विभिन्न स्थानको शनिबार अवलोकनका क्रममा केही स्थानमा अदालतको आदेशविपरीत नयाँ संरचना निर्माण भइरहेको पाइएपछि प्रमुख आचार्यले ती संरचना निर्माणकार्य तत्काल रोक्नका साथै निर्माण सामग्री जफत गर्न नगर प्रहरीलाई निर्देशनसमेत दिनुभयो । महानगरको निर्देशनलाई अटेर गरी संरचना निर्माण गरे भत्काउन लाग्ने खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुलउपर गरिने उहाँले चेतावनी दिनुभयो ।

प्रमुख आचार्यसहितको टोली फेवातालको जलाधार क्षेत्रमा पर्ने सिमसारसम्म पुगेर निरीक्षण गरेको हो । फेवातालको माथिल्लो जलाधार क्षेत्रमा पानीको प्राकृतिक बहावलाई रोक्ने गरी ढुङ्गा माटो थुपारिएको पाइएकाले त्यसलाई हटाएर पुरानै लयमा फकाईने महानगरले जनाएको छ । सिमसार क्षेत्र कृषि प्रयोजनका लागि बाहेक अन्य कार्यमा उपयोग गर्न नपाइने व्यवस्था छ । यसअघि गत चैतमा पोखरा महानगरले फेवातालको मापदण्ड घटाएर ३० मिटरमा झार्ने कार्यपालिका बैठकबाट निर्णय गरेको थियो ।

महानगरको सो निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले गत असार १३ गते मापदण्ड ६५ मिटर नै कायम राख्न अन्तरिम आदेश दिएको हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व बोकेको फेवाताल प्राकृतिक तथा मानवीय अतिक्रमणको चपेटामा परेको छ । ताल संरक्षणका लागि विभिन्न समयमा पटक-पटक प्रयास हुँदै आए पनि त्यसले सार्थकता पाउन सकेको छैन । पछिल्लो समय तालको चार किल्ला निर्धारण तथा सीमाङ्कन समितिले तालको क्षेत्रफल यकिन गरी आफ्नो प्रतिवेदन बुझाएको वर्ष दिनभन्दा बढी समय व्यतित हुँदासमेत तालको सीमाङ्कनका लागि काम भएको छैन ।

## उम्मेदवार छनौटका आधारबारे अन्तरक्रियात्मक गोष्ठी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

राजनीतिशास्त्र सोसाइटी नेपालले 'संविधान कार्यान्वयन सम्बन्धमा आसन्न निर्वाचनमा उम्मेदवार छनोटको आधार' शिर्षकमा अन्तरक्रियात्मक गोष्ठी आयोजना गरेको छ ।

पोखरा १ बगरमा रहेको गण्डकी प्रज्ञा प्रतिष्ठानको भवनमा आयोजित कार्यक्रममा बोल्दै पूर्व गृहमन्त्री खगराज अधिकारीले नेपालको लोकतान्त्रिक संघिय व्यवस्था राम्रो भएको दावी गरे । अहिलेपनि देश संविधान कार्यान्वयनकै क्रममा रहेको भन्दै उनले सकारात्मक पक्षहरु भन्दा नकारात्मक कुराहरुको बढी उजागर हुँदा संघियताका विषयमा नकारात्मक टिप्पणी हुन थालेको बताए । केही व्यक्तिहरु नराम्रा भए भन्दैमा व्यवस्थाकै विरोध गर्न नहुने उनको भनाई थियो ।




संस्थाका अध्यक्ष सुवास ढुंगानाको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश सांसद मोहन रेग्मी, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल कुमार शाही, जनप्रिय क्याम्पसका सहायक क्याम्पस प्रमुख भेषराज वराल, जिल्ला सम्वन्वयन समिति कास्कीको कार्यकारी अधिकृत नवराज वराल, पोखरा १ का वडाध्यक्ष सहारा प्रधान, नेकपा एमाले कास्की उपाध्यक्ष तेजनारायण अधिकारी, नेपाली कांग्रेसका नेता आनन्दराज मुल्मी, राप्रका डा. सूर्य बहादुर गुरुङ, नेपाल समाजवादी पार्टीको जिल्ला इन्चार्ज टिकाराम पौडेल, राष्ट्रिय स्वतन्त्रवाट जिल्ला अध्यक्ष विष्णु गुरुङ एकता लगायतका नेताहरुले आफ्नो धारणा प्रस्तुत गरे ।

कार्यक्रममा स्वागत सोसाइटीका उपाध्यक्ष फरेन्द्र थापा, धन्यवाद सह-सचिव डा. संजय कोईराला र संचालन सचिव मिलन आलेले गरेका थिए । राजनीतिशास्त्र सोसाइटी नेपालको स्थापनाको उद्देश्यका बारेमा संस्थाका सल्लाहकार समेत रहेका वरिष्ठ अधिवक्ता माधवराज वास्तोलाले प्रकाश पारे । कार्यपत्र प्रस्तुत गर्दै प्रा.डा. गिरधारी दाहालले नेपालका संविधानको इतिहास र आसन्न निर्वाचनमा उम्मेद्वार छनौटका आधारका विषयमा आफ्ना भनाईहरु राखे ।

कार्यपत्रमा टिप्पणी गर्दै प्रा. डा. उमानाथ बरालले हाल राजनीतिलाई सेवा भन्दा पेशा बनाईएको, पैसाको वलमा चुनावमा टिकट पाउने र जित्ने प्रवृत्ति रहेको, वारम्बार एउटै व्यक्तिहरु चुनावमा उठ्ने लगायतका कारण योग्य व्यक्तिहरु उच्च राजनैतिक पदमा पुग्न नसकेको र राजनीतिमा सुधार हुन नसकेकोबताए।राजनीतिशास्त्रका प्राध्यापक गजेन्द्र प्रसाद च्वाईले राजनीति गर्ने व्यक्तिमा नैतिकता र सादगीपन एकदमै आवश्यक रहेको औल्याए । अहिलेका राजनैतिक दलका नेताहरु विलासी जीवन व्यतित गर्ने तर भन्ने बेलामा देश र जनताको लागि राजनीति गरेको भन्ने कुरा एकदमै नमिल्ने उनको जिकिर थियो । राजनीतिशास्त्र बिभागका विभागीय प्रमुख प्रा.थान बहादुर क्षेत्रीले अहिलेका राजनैतिक दलहरु कुनै दर्शनबाट नभै बिचौलियाद्वारा चलेको दावी गरे । गोष्ठीमा सहभागीहरुका जिज्ञासाहरु सम्बन्धित विज्ञहरुले सम्बोधन गरेका थिए । अन्तरक्रियात्मक गोष्ठीमा गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानले सहकार्य गरेको थियो ।

सोही कार्यक्रम मार्फत पोलिटिकल साईन्स सोसाइटी नेपालले ५ बुँदे घोषणा पत्र समेत जारी गरेको छ। कार्यक्रममा सोसाईटीका सह-कोषाध्यक्ष क्या.सन्त बहादुर लामिछाने नेपालकै पहिलो हट एअर बेलुनका प्रविधिक बन्न सफल भएको र संस्थाका सल्लाहकार एवम् विधान मस्यौदा समितिका संयोजक माधवराज बास्तोला हालै वरिष्ठ अधिवक्ता भएकोमा सोसाइटीले सम्मान समेत गरेको थियो ।

## सिमित स्रोत र अधिकारबी प्रदेशले पहिचान स्थापित गराएको छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सीमित स्रोत र साधनका बीच पनि प्रदेश सरकारले आफूलाई स्थापित गराउन सफल भएको बताएका छन् ।

संविधान दिवस २०७९ का अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले वित्तीय स्रोत पर्याप्त प्राप्त नहुँदा, अधिकार हस्तान्तरण र जनशक्ति व्यवस्थापनमा ढिलाइ भएकै कारण प्रदेश तहले चाहेजस्तो गरी काम हुन नसकेको अनुभूति भए पनि क्षमता अनुसार काम गरेर पहिचान स्थापित गराउन सफल भएको बताएका हुन् ।

उनले भनेका छन्, संविधानमा प्रष्टसँग उल्लेख गरिएका कतिपय अधिकार प्रदेशमा हस्तान्तरण गर्न ढिलाइ भइरहेको छ। प्रदेश संरचना नै संघीयताको खास पहिचान हो । वित्तीय स्रोत पर्याप्त प्राप्त नहुँदा,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'पोखरा आर्ट क्याम्प' मा चार देशका कलाकार सहभागी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

पोखरामा 'पोखरा आर्ट क्याम्प सुरु' भएको छ । गण्डकी प्रज्ञा प्रतिष्ठान, अन्तर्राष्ट्रिय पानी रङ समाज (आइडब्लुएस) नेपाल र पोखरा प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा क्याम्प सुरु भएको हो ।




असोज ३ गतेसम्म चल्ने आर्ट क्याम्पमा चार देशका कलाकारको सहभागितामा रहेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए। यसरी सहभागिता जनाउनेमा नेपाल सहित बंगलादेश, भारत र इरानका कलाकार छन् । जस अनुसार नेपालबाट ९०, बगंलादेशबाट १७, भारतबाट ८ र इरानबाट ६ जना कलाकारको सहभागिता रहेको सदस्यसचिव श्रेष्ठले बताए।आर्टक्याम्पकोपूर्वगृहमन्त्री खगराज अधिकारीले उद्घाटन गरेका थिए । आर्ट क्याम्पको आयोजनाले एकआपसमा कलाको आदानप्रदान गर्न सघाउने विश्वास उनले गरे । गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा आयोजित उद्घाटन कार्यक्रममा भारत, बगंलादेश र नेपालका १२ जना कलाकारले प्रत्यक्ष कला 'डेमोष्ट्रेसन' गरेका थिए । आइडब्लुएस नेपालका अध्यक्ष एनबी गुरुङको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, प्राज्ञ रमेश श्रेष्ठ, समाजसेवी अशोक पालिखे, प्रतिष्ठान गण्डकीका उपकुलपति गोरे गुरुङ, बंगलादेशका मोहम्मद समिक अलाम, इरानका नदिर हुसेन, भारतका विजय बिस्वेल लगायतले बोलेका थिए ।

## समानुपातिकतर्फको उम्मेदवारको नामावली पारित

**रासस**
**काठमाडौं, २ असोज**

नेकपा एमालेले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिकतर्फको उम्मेदवारको नामावली पारित गरेको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा बसेको एमाले सचिवालय बैठकले प्रतिनिधिसभाका लागि ५७ जना महिलासहित एक सय १० र प्रदेशसभाका लागि दुई सय २० जनाको नाम समानुपातिकका लागि छनोट गरेको बैठकपछि सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै एमाले प्रचार विभागका उपप्रमुख पृथ्वीसुब्बा गुरुङले बताउनुभयो ।

यसअघि समानुपातिकबाट सांसद बनेका, प्रत्यक्षमा उम्मेदवार बनेका र स्थानीय तहमा उम्मेदवार बनेकालाई यस पटक नसमेटिएको भन्दै उहाँले एमालेले निर्वाचन आयोगमा सोमबार समानुपातिकतर्फको सूची बुझाउने बताउनुभयो ।

एमालेले उम्मेदवारको नाम सिफारिसगर्दाआदिवासी,जनजातितर्फ ३२, खर्स आर्यतर्फ ३४, थारुतर्फ सात, दलिततर्फ १५, मधेसीतर्फ १७ जनालाई समेटेको उहाँले बताउनुभयो ।



# पर्यटकीय क्षेत्रको सुधारवाट मात्रै पर्यटकको आर्कषण वढ्छ: मन्त्री खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

पोखराको पर्यटकीय क्षेत्र महेन्द्र गुफामा गण्डकी प्रदेश सरकारको सहयोगमा वृहत विकास परियोजना शुरु भएको छ।

सामुदायिक विद्यालय तर्फ नेपालकै पहिलो नमुना विद्यालय विन्ध्यवासिनी माध्यमिक विद्यालय, वाटुलेचौरको संरक्षण तथा व्यवस्थापनमा संचालित महेन्द्र गुफामा विद्यालयले तयार पारेको व्यवस्थित विकासको गुरुयोजना अनुरुप एक वर्षभित्र सक्ने गरी विभिन्न योजना समेटिएको परियोजना शुरु भएको हो। महेन्द्र गुफा परिसर सुधार तथा विभिन्न पुर्वाधारहरुको निर्माण कार्यको आइतवार एक कार्यक्रमका विच गण्डकी प्रदेशका भौतिक पुर्वाधार, शहरी विकास एवं यातायात व्यवस्था मन्त्री कुमार खड्काले शिलान्यास गर्नुभयो। कार्यक्रममा वोल्दै मन्त्री खड्काले पोखराभित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रलाई



एक आपसमा जोड्ने गरी योजना वनाउनु पर्नेमा जोड दिनुभयो। पोखरा पर्यटनको राजधानी भएको वताउदै मन्त्री खड्काले पर्यटकीय क्षेत्रको सुधारवाट मात्रै आर्कषण वढाउन सकिने स्पष्ट पार्नुभयो। उहाँले पोखरा १६ मा रहेका पर्यटकीय क्षेत्रलाई लक्षित गरी तीन पाङ्ग्रे सवारी चलाउने विषयमा छलफल भैरहेको समेत वताउनु भयो। पुर्वाधार कार्यालयका प्रमुख ई डा. महेन्द्र वानियाँले परियोजनाको वारेमा जानकारी दिदै प्राकृतिक गुफाको अस्तित्वलाई वचाएर यसको सौन्दर्यकरण गर्नुपर्ने वताउनुभयो। शहरी विकास तथा भवन कार्यालयका सिनीयर डि ई सोभियत खड्काले परियोजना सम्पन्न भएपछि महेन्द्र गुफामा पर्यटकको थप आर्कषण वढ्ने विश्वास व्यक्त गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा कुमारी अधिकारी थापाले महेन्द्र गुफा र चमेरे गुफाको व्यवस्थित विकास गर्न विद्यालयले गुरुयोजना तथार पारेको र सो अनुरुप कार्य शुरु भएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले निर्माणमा समन्वय गर्न आफुहरु तयार रहेको वताउदै, समयमै गुणस्तरीय कार्य सम्पन्न गर्न आग्रह गर्नुभयो। कार्यक्रममा ठेकेदार कम्पनी लुना विल्डर्सका ईन्जिनीयर व्रह्म कुमार श्रेष्ठ, महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिका संयोजक गुरुदत्त भट्टराई लगायतले वोल्नुभएको थियो। समितिका अध्यक्ष चन्द्रा कुमारी अधिकारी थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन विन्ध्यवासिनी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक राम व. वानियाँले गर्नुभएको थियो। आगामी एक वर्षभित्र सम्पन्न हुने परियोजना अर्न्तगत जमिन सम्याउने, गन्धर्व संग्रालय, म्युजियम, एम्पिथियटर हल, एसेम्वली हल, मेज र गार्डेने निर्माण हुने शहरी विकास तथा भवन कार्यालयले जनाएको छ। उक्त कार्यका लागी लुना विल्डर्स एण्ड कन्ट्र्याक्टर प्रा लिले ८ करोड ५६ लाखमा सम्झौता गरी काम शुरु गरेको वताईएको छ।

# रोटरी क्लव लेकसाइडमा डिजी भिजिट

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**



रोटरी क्लव अफ पोखरा लेकसाइडमा आइतवार डिजी भिजिट सम्पन्न भयो।

कार्यक्रममा क्लव एडमिन कमिटीका चियर राजन कुमाल, क्लव मेम्बरसिप कमिटीका को चियर राजकुमार आर्याल, सर्भिस प्रोजेक्ट कमिटीको रिपोर्ट श्रीकृष्ण अधिकारी, टिआरएफ कमिटीको चियर उपेन्द्र अधिकारी र पब्लिक इमेज कमिटीका चियर सुभाष मल्ल लगायतले आ-आफ्नो रिपोर्ट प्रस्तुत गरेका थिए।

प्रस्तुत रिपोर्टमा डिस्टिक ३२९२ का डिजी जितेन्द्र राज भण्डारीले सुझाव सँगै सरसल्लाह दिए। डिजी भण्डारीको परिचय एजि राजेन्द्र भण्डारीले दिएका थिए।

रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष डा. विर वहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य विश्दर्शन पराजुली लगायत वोलेको कार्यक्रममा सचिव मिनवहादुर गुरुङले संचालन र प्रेसिडेन्ट इलेक्ट शोभाकान्त सिग्देलले धन्यवाद ज्ञपान गरेका थिए। सो गरिमामय कार्यक्रममा डिस्ट्रिक सचिव अमृत गिरी, पिडिजी संजय गिरी, पिडिजी किरणलाल श्रेष्ठ, आइपिडिजी सन्तोष रिजाल, डिजीइ राजेन्द्र ध्वजु, डिजीएन राजेन्द्र शेरचन, एजी, डिष्ट्रक अफिसियल्स, प्रेसिडेन्ट, पूर्व प्रेसिडेन्ट लगायतको उपस्थिति रहको थियो।

## सिमित...

अधिकार हस्तान्तरण र जनशक्ति व्यवस्थापनमा ढिलाइ भएकै कारण प्रदेश तहले चाहेजस्तो गरी काम हुन नसकेको अनुभूति भएको छ। सहकार्य, समन्वय र सहअस्तित्वलाई संविधानले आत्मसात गरेको उल्लेख गर्दै मुलुकमा राजनीतिक स्थायित्व कायम गरी गरी दीगो विकासका लक्ष्य प्राप्तिका लागि ३ तहका बीच समन्वय जरुरी रहेको बताए। संविधान सभाबाट नेपालको संविधान जारी भएको आजको यो दिन नेपाल र नेपालीका लागि ऐतिहासिक हो। लगातार ७ दसकको संघर्षबाट नेपाली नागरिकले आफ्नो संविधान लेखनमा प्रत्यक्ष सहभागिता जनाउने अवसर पाएको उनले जनाएका छन्। संविधान कानुनी सिद्धान्तमा आधारित राजनीतिक सहमतिको दस्तावेज हो भन्दै उनले यसमा लिपीबद्ध नागरिक अधिकारलाई कार्यान्वयन गर्दै उनीहरुका आवश्यकताको सम्बोधनका लागि हामी प्रयासरत रहनुपर्ने बताए। यसमा प्रदेश सरकार यसमा क्रियाशील रहेको पनि उनले उल्लेख गरेका छन्। स्वदेश तथा विदेशमा रहनुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइमा संविधान दिवसका अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उनले मुलुकमा राजनीतिक परिवर्तका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा जीवन अर्पण गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन, घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना र बेपत्ताका परिवारजनमा सहानुभूति प्रकट गरेका छन्।

नेपालको संविधानले मौलिक हकमार्फत् प्रत्याभूत गरेका अधिकारको कार्यान्वयन गर्दै आधारभूत आवश्यकतामा सबै नागरिकको पहुँच पुऱ्याउनका लागि संविधान दिवस २०७९ प्रेरणा दिने विश्वास उनले व्यक्त गरे।

# बढे सङ्ग्रहालय अवलोकनकर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

कुनै महिना एक जना पनि मूलद्वारबाट नछिरेको तथ्याङ्क छ, प्रदेश सङ्ग्रहालय पोखरासँग। कोरोना सङ्क्रमणकै कारण यो सङ्गहालयले त्यस्तो नियति भोग्नुपरेको हो। प्रदेश सङ्ग्रहालयले पछिल्ला महिनामा स्वदेशी तथा विदेशी अवलोकन कर्ताको चाप बढ्न थालेपछि सङ्ग्रहालयमा कार्यरत कर्मचारीको मुहारमा उज्यालो भरिन थालेको छ।

अघिल्लो आवको श्रावण र भाद्र महिनामा एक हजार पाँच सय अवलोकन कर्ता प्रवेश गरेको उक्त सङ्ग्रहालयमा यसै आवको श्रावण र भाद्र महिनामा त्यो सङ्ख्या बढेर दुई हजार छ सय पुगेको तथ्याङ्क सङ्ग्रहालयका सूचना अधिकारी कविन्द्र पौडेलले दिनुभयो। कोरोना सङ्क्रमणकै कारण सरकारले घोषणा गरेको लकडाउनमा कुनै महिना एक अवलोकन कर्ता पनि नछिरेको तथ्याङ्क सङ्ग्रहालयसँग छ।

गत श्रावण र भाद्रमा सङ्ग्रहालय अवलोकनमा सबैभन्दा बढी विद्यार्थीको सङ्ख्या रहेको छ। यी दुई महिनामा नेपाली विद्यार्थी एक हजार तीन सय ९८, विद्यार्थीबाहेक नेपाली अवलोकन कर्ता आठ सय ३३, निःशुल्क प्रवेश दुई सय १०, सार्क मुलुकबाट एक सय ६० र अन्य विदेशी राष्ट्रबाट १२ जना संग्रहालय अवलोकनका लागि प्रवेश गरेको जानकारी सूचना अधिकारी पौडेलले दिनुभयो।

सङ्ग्रहालयमा गण्डकी प्रदेशमा बसोबास गर्ने जातजातिलाई समेटेर चार सय प्रकारका सामग्री राखिएको जानकारी सङ्ग्रहालयकी प्रमुख करुणा राईले दिनुभयो। उहाँका अनुसार पछिल्ला दिनमा नेपाली अवलोकन कर्ता बढ्दै गएका छन्। सङ्ग्रहालय अवलोकनका लागि नेपाली विद्यार्थीसँग १० रुपैयाँ, नेपाली नागरिकसँग रु २५, सार्क मुलुकका अवलोकन कर्तासँग ५० र अन्य विदेशी राष्ट्रका नागरिकसँग एक सय लिने गरिएको छ। पोखराको मुटु नयाँ बजारमा छ प्रदेश सङ्ग्रहालय तर प्रचारप्रसारको अभावकै कारण ओझेलमा परेको छ। गण्डकी प्रदेशमा रहेका जातजातिको दैनिक जीवनमा हुने गतिविधि, भेषभूषा, पोशाकका साथै जन्मदेखि मृत्युसम्मका संस्कारको प्रतिकृति समेट्ने गरी विसं २०४१ मा क्षेत्रीय सङ्ग्रहालयको रूपमा स्थापना गरिएको हो। तत्कालीन राजा वीरेन्द्रले देशका पाँचवटै विकास क्षेत्रमा क्षेत्रीय सङ्ग्रहालय स्थापना गर्ने योजना अनुरुप पोखरामा पनि यस क्षेत्रमा बसोबास गर्ने जातजातिलाई समेटने गरी क्षेत्रीय सङ्ग्रहालय स्थापना गरिएको जानकारी कार्यालयका लेखा सहायक शोभाखर ढकालले दिनुभयो।

२३ रोपनी क्षेत्रफलमा फैलिएको उक्त सङ्ग्रहालयमा यति बेला रु दुई करोडभन्दा बढी लागतमा प्रशासनिक भवन र मुलद्वार निर्माण गरिएको जानकारी कार्यालय प्रमुख राईले दिनुभयो। गण्डकी प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश सङ्ग्रहालयको प्रचारप्रसारमा ध्यान दिन जरुरी भएको स्थानीय पूर्ण भुजेल बताउनुहुन्छ। सन् १९९४ मा मुस्ताङको खिङ्गा र गाराबजोङमा उत्खनन् गरी भेटिएका जस्ता, माटो, हड्डी र काठका दैनिक जीवनमा प्रयोग आउने सामग्री सङ्ग्रहालयमा सङ्ग्रहित गरेर राखिएको जानकारी सूचना अधिकारी पौडेलले दिनुभयो। मुस्ताङमा उत्खनन गरिएका ती सामग्री पाँच सय वर्ष पुराना हुनसक्ने प्रारम्भीक अनुसन्धानबाट खुल्न आएको छ। गण्डकी प्रदेशमा बसोबास गर्ने ब्राह्मण, मगर, गुरुङ, थकाली, थारु, परियार, विक, चन्त्याल, दरै, गन्धर्वलगायत जातजाजातिलाई समेटेर सङ्ग्रहालय स्थापना गरिएको हो। साथै यस क्षेत्रबाट चोरी भई समातिएका धातु तथा ढुङ्गाका मूर्तिहरू सङ्ग्रहालयमा सङ्ग्रहित छन्।

# आकस्मिक लाइसेन्सका लागि अनलाइन आवेदन खुला

**रासस**
**काठमाडौं, १ असोज**

यातयात व्यवस्था विभागले आकस्मिक रूपमा सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिनका लागि अनलाइन फारममार्फत आवेदन दिन सकिने व्यवस्था मिलाएको छ। सवारीचालक अनुमतिपत्र आवश्यक परेमा अबदेखि अनलाइन फारममार्फत आवेदन दिएर लिन सकिने व्यवस्था मिलाइएको यातयात व्यवस्था विभागका महानिर्देशक डा टोकराज पाण्डेयले जानकारी दिनुभयो। उहाँका अनुसार विभागले एक सूचना जारी गरी यही असोज ७ गतेदेखि सेवाग्राहीले आकस्मिक रूपमा लाइसेन्स लिनका लागि अनलाइन फारममार्फत आवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ।

अध्ययन तथा रोजगारीका लागि विदेश जाने नेपाली नागरिक, शान्ति सेना मिसनका लागि विदेश जाने नेपाली सेना एवं नेपाल प्रहरी र गैरआवासीय नेपाली नागरिकले आकस्मिक रूपमा लाइसेन्स निकाल्न सक्ने गरी व्यवस्था मिलाइएको यातयात व्यवस्था विभागले जनाएको छ। विभागका अनुसार सेवाग्राहीले आवश्यक कागजात अनलाइनमा नै प्रविष्ट गर्नसक्ने छन्।

# गलकोट नगरपालिकालाई गण्डकी प्रदेश अन्तरपालिका भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेश अन्तर पालिका पुरुष भलिबल प्रतियोगिता (माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप-२०७९) को उपाधि बाग्लुङको गलकोट नगरपालिकाले जितेको छ।

प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा गलकोट नगरपालिकाले बाग्लुङकै निसीखोला गाउँपालिकामाथि ३-२ सेटको जीत निकाल्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भयो। च्याम्पियन बनेको गलकोटले रु दुई लाख, शिल्ड, मेडल पुरस्कार प्राप्त गर्दा उपविजेता बनेको निसीखोलाले रु एक लाख २० हजार, मेडल र प्रमाणपत्र पायो।

संविधान दिवसका अवसर पारेर कास्कीको माछापुच्छ्रे गाउँपालिका र माछापुच्छ्रे गाउँपालिका भलिबल सङ्घको संयुक्त आयोजनामा यही भदौ ३० गतेदेखि माछापुच्छ्रे-२ भुर्जुङखोलास्थित खेलमैदानमा प्रतियोगिता सञ्चालन भएको हो। यसैगरी स्याङ्जाको कालीगण्डकी गाउँपालिका र तनहुँको भिमाद नगरपालिकाले सान्त्वना स्थान हासिल गर्दै रु ३० हजारका दरले नगद र मेडल पुरस्कार प्राप्त गरे।


यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई रु सात हजार पुरस्कार प्रदान गरिएको थियो। प्रतियोगिताका उत्कृष्ट स्पाइकर, ब्लकर, डिफेन्डर, सेटर, सर्भर प्रशिक्षकलाई जनही रु पाँच हजारका दरले नगद र प्रमाणपत्र प्रदान गरिएको माछापुच्छ्रे गाउँपालिका भलिबल सङ्घका सचिव मोहनसिङ तामाङले जानकारी दिनुभयो।

प्रतियोगितामा विजयी टोली तथा विधागत उत्कृष्ट खेलाडीलाई माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष सीता अधिकारी, माछापुच्छ्रे गाउँपालिका भलिबल सङ्घका अध्यक्ष राम पुन लगायतले पुरस्कार वितरण गर्नुभयो।

सचिव तामाङका अनुसार पहिलोपटक आयोजना गरिएको प्रतियोगितामा सहभागिताका लागि गण्डकीका ८५ वटै स्थानीय तहलाई पत्राचार गरिएकामा विभिन्न नगरपालिका तथा गाउँपालिका गरी १७ टोलीको सहभागिता रहेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# संविधान मिच्न छोडौं

नेपालको संविधान जारी भएको सात वर्ष पुरा भएको छ। संविधान कार्यान्वयन जाँदा असन्तुष्टिका स्वर राजनीतिक खपतका लागि मात्र भएका छन् । संविधान जारी गर्दा असन्तुष्ट दलहरु समेत संविधानलाई स्वीकारेर तीनै तहका सरकार सञ्चालन गर्ने ठाउँमा पुगेका छन् । असन्तुष्ट पक्ष सबै सरकारमा सहभागी भएका छन । प्रदेश सरकारको नेतृत्व गर्ने र सहभागी भएका छन । संबिधानमा अपुरा कुरा थप्नु पर्ने माग कायमै छ। संबिधान आफैमा पूर्ण नहुने हुदा समय क्रममा संशोधन हुदै जाने दस्तावेज हो । संबिधान संशोधनको आवज उठ्नु पनि त्यसको स्वीकार्यता बढाउदै जानु हो। संविधानले व्यवस्था गरेको मौलिक हक सम्वन्धी कानुन वनीसकेको छ। संविधान कार्यान्वयनमा आउन मौलिक हक सम्वन्धी कानुन अनिवार्य थियो। संघीय संरचना अनुसार स्थानीय, प्रदेश र संघीय सरकार कार्यान्वयनमा आईसकेको छ। संविधानको स्वागतमा देशभरी कार्यक्रम भईरहेका छन्। संविधान दिवस जनस्तरबाट मनाउनुपर्छ भनेर नेकपा एमालेले असोज १ गते काठमाडौंमा बृहत प्रदर्शन गरेको छ।संविधानसभाबाट संविधान जारी गर्न नेतृत्व गरेको एमालेले संविधानप्रति जनविश्वास बढाउने कामको अगुवाइ गरेको छ। संबिधान दिवश मनाउन सातै प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा समिति गठन भएको छ। मधेस केन्द्रीत दलले संविधान दिवस नमनाउने भएका छन ।

संविधान मानेर संसद, सरकारमा पनि बस्ने र बिरोध पनि गर्छु भन्ने परस्पर बिरोधी कुरा हुन । संशोधन नभएसम्म विरोध गर्ने भनि राजनीतिक खपतका लागि कर्मकाण्डी व्यवहार मात्र हो । अहिले संशोधनका कुरा अपरीहार्य बन्न सकेको छैन । चार वर्ष अघि जुन मात्रामा विरोध थियो त्यो क्रमश कम हुँदै गएको छ। संविधान विपरीत गतिविधि सत्तारूढ गठबन्धनले गरेको छ।राज्य सत्ता कब्जामा लिएर गुण्डा राज चलाउन खोजिएको छ । संविधान जिवन्त दस्तावेज भएको हुँदा त्यसमा संशोधन हुँदै जान सक्छ। नेपाली जनताले चुनेका प्रतिनिधिले बनाएको संविधान मनाउन विभिन्न कार्यक्रम गरिएको छ। नेपाली जनताको दिगो शान्ति र राजनीतिक स्थिरताको चाहनालाई संविधानले केही हदसम्म पुरा गरेको छ। संविधान घोषणा भएको दिनलाई सरकारले सार्वजनिक विदा दिने निर्णय पहिल्यै गरेको हो । संविधानले संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गरेको छ। सार्वभौमसत्ता राज्य शक्तिको श्रोत जनता नै हुन् भन्ने संविधानले स्थापित भएको छ । समानुपातिक, समावेसी प्रतिनिधित्वलाई संविधानले अंगीकार गरेको छ। देश धर्मनिरुपेक्ष भएको छ। विभिन्न जातीय समुदायको संसदमा प्रतिनिधित्व छ। महिला सहभागिता लाई उत्कृष्ट नै मान्नुपर्छ । प्रतिनिधिसभामा र प्रदेश सभामा एक तिहाइ महिलाको प्रतिनिधित्व भइसकेको छ।अब हुने चुनावमा ३३ प्रतिशत महिलाको सुनिश्चितता गर्न प्रत्यक्षमा पनि एक तिहाइ महिलालाई उमेदवार बनाउन निर्वाचन आयोगले दलहरूलाई परिपत्र गरेको छ। ।

स्थानीय तहमा करिब ४० प्रतिशत प्रतिनिधित्व छ। संविधानका धेरै पक्ष आधुनिक लोकतान्त्रिक मुलुकले अपनाउने अधिकार समावेश छन् । समाजवाद उन्मुख संविधानले नै मौलिक हकहरुको व्यवस्था गरेको छ, र ति कानुन समेत वनिसकेका छन् । नेपालमा वनेका ७ वटा संविधान मध्ये ६ वटा संविधान जनताले आफै बनाएका थिएनन् । केहि विज्ञले तयार पारेर राजा महाराजले जारी गरेका थिए । संविधानसभाले जारी गरेको संविधान अरु संविधानभन्दा धेरै फरक छ। यसमा जनताको व्यापक सहभागिता छ। संविधान सभाका लागि हजारौ नेपाली जनताले आफ्नो जीवन उत्सर्ग गरेका छन्। वषौदेखिको आन्दोलन, संघर्ष, तपस्याको फल संविधान सभाबाट संविधान घोषणा हो । विश्वका अन्य मुलुक जस्तै लोकतान्त्रिक सहभागिता मुलक संविधान बनेको छ । विश्वका धेरै मुलुकले नेपालको संविधानलाई स्वागत गरेका छन् । छिमेकी मुलुक भारतले पनि घुमाउरो तरिकाले स्वागत गरेको छ । संविधान गतिशील दस्तावेज हो । यसलाई पारिमार्जन गर्न सकिन्छ । यो संविधानले ग्यारेन्टी गरेको छ । अव देशलाई समृद्धिको दिशामा अघि बढाउन, संविधान कार्यान्वयन गने पात्रहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

राजनीतिक नेतृत्वमा लोकतान्त्रिक आचरण र राज्यसंयन्त्र त्यही अनुसार चल्न सक्नुपर्दछ। लोकतान्त्रिक चरित्र अनुसार चल्न सकेमा संविधानको बिरोधमा लाग्नेहरुलाई कम्जोर बनाउन सकिन्छ। अहिले पनि सत्ताको आडमा संविधान कुल्चने, कानुनको पालना नगर्ने र जंगली राज चलाउन खोजिएको छ। यस्तै शैलीले गर्दा चुनौति थपिएका छन् । जनताले खोजेको आर्थिक विकास र समृद्धीको बाटोमा जानको लागि गलत चिन्तन र संस्कार वोकेका विरुद्ध जनतालाई परिचालित गर्नुपर्ने खाचो छ। नेपालमा राजनैतिक स्थिरता कायम गर्दै जनताको आर्थिक विकास र सम्वृद्धिको बाटोमा लाग्नु संविधानको मुल मर्म हो । सधै अरुको खेलौना बन्ने काम छोडेर जनताको चाहनाको पुरा गर्ने तर्फ लाग्नु संविधानको पालना र कार्यान्वयन हो ।सबैलाई संविधान पालना गर्ने र लोकतान्त्रिक आचरण देखाउने र निर्वाचनलाई भयरहित, स्वतन्त्र र निष्पक्ष बनाउने प्रतिबद्धता जनाउन सकेमा संविधान कार्यान्वयन हुनेछ। संविधान दिवसको शुभकामना ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनाङका विद्यालयमा जति कक्षा बढ्यो, उति विद्यार्थी कम

रासस
मनाङ, २ असोज

हिमाली जिल्ला मनाङमा शिक्षण संस्थाअनुसार विद्यार्थीको सङ्ख्या भने घट्दो छ। जिल्लाका शिक्षण संस्थामा विद्यार्थी सङ्ख्या घट्दो क्रममा छ। शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय मनाङका अनुसार कक्षा बढ्दै गएपछि कतिपय विद्यालयमा विद्यार्थी रित्तिने अवस्थामा पुगेका छन् ।

एकाइ कार्यालयको तथ्याङ्कअनुसार कक्षा १ देखि ५ सम्मका मनाङ ङिस्याङ गाउँपालिकामा ५४, सदरमुकाम चामे गाउँपालिकामा ५५, नासों गाउँपालिकामा ८४ र नार्पाभूमि गाउँपालिकामा १० विद्यार्थी अध्ययनरत छन् । कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या घट्दै गएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख मतिलाल चपाईंले जानकारी दिनुभयो ।

इकाइ प्रमुख चपाईंले कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीको सङ्ख्या मनाङ ङिस्याङ गाउँपालिकामा कूल ७२ जना रहेका छन् । चामे गाउँपालिकामा एक सय ७६, नासों गाउँपालिकामा एक सय ७८ र नार्पाभूमि गाउँपालिकामा शून्य रहेको जानकारी दिनुभयो। "इसिडीमा विद्यार्थी बढी भए पनि कक्षा बढ्दै गएपछि घट्ने गरेको छ", उहाँले भन्नुभयो, "शिक्षातर्फ विद्यार्थीलाई आकर्षित गर्न विभिन्न योजना दिवा खाजा तथा आवासीय व्यवस्था गरिएको छ । विद्यालयमा विद्यार्थी घट्ने क्रममा छन् ।" विशेषगरी कक्षा ६ देखिमाथिका कक्षामा विद्यार्थी घटेको शिक्षाको तथ्याङ्कले देखाएको छ । मनाङमा बाढी पहिराको जोखिम र विद्यालय टाढा भएकाले विद्यार्थी घटेको हुनसक्ने चपाईंले बताउनुभयो । जोखिम अवस्थामा रहेका विद्यालयको अवस्थाले पनि विद्यार्थी बाहिरिएको हुनसक्ने उहाँको भनाइ छ । जिल्लाका चार पालिकाका विभिन्न विद्यालयमा विद्यालय भवन र शिक्षक छ विद्यार्थी छैनन् । "यस्तो अवस्थामा विद्यालय बन्द छन्", उहाँले भन्नुभयो, "केही विद्यालयमा इसिडीका विद्यार्थीबाहेक अन्य विद्यार्थी नै छैनन् ।" जोखिमरहित तवरबाट बालबालिकालाई पठनपाठनको व्यवस्था भएमा आफूसँगै राखेर बालबालिका पढाउने आशा रहेको अभिभावकको भनाइ छ। मनाङ ङिस्याङ गाउँपालिकामा एक सय १७ विद्यार्थीको पठनपाठनका लागि ४१ शिक्षक रहेका छन्। चामे गाउँपालिकामा दुई सय ४५ विद्यार्थीका लागि ३४ शिक्षक, नासों गाउँपालिकामा एक सय ५८ विद्यार्थीका लागि ७७ शिक्षक र नार्पाभूमि गाउँपालिकामा २५ विद्यार्थीका लागि नौ गरी कूल एक सय ६१ शिक्षकले उनीहरुलाई पठनपाठन गराउँदै आएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

# बेनीमा डेङ्गु 'खोजी र नष्ट अभियान'

रासस
म्याग्दी, २ असोज

म्याग्दी सदरमुकाम बेनीमा डेङ्गु रोग नियन्त्रण गर्न 'खोजी र नष्ट अभियान' सुरू गरिएको छ । बेनी नगरपालिका वडा नं ७ र ८ ले डेङ्गुको बासस्थान भत्काउने तथा पहिचान गरी नष्ट गर्न समुदायलाई नै सक्रिय बनाएर डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रमम सञ्चालन गरेको हो ।

म्याग्दीमा सङ्क्रमणको सङ्ख्या १३ जना पुगेको र एक जना डेङ्गु पोजेटिभलाई अस्पतालमा भर्ना गर्नुपरेका अवस्थामा डेङ्गु रोग सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियानलाई तीव्रता दिइएको बेनी नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का अध्यक्ष रमेशकुमार श्रेष्ठले बताउनुभयो । बेनीबजारभित्रका दुवै वडामा आमासमूह, टोल सुधार समिति, नेपाल प्रहरी, युवाक्लब, विद्यालयका विद्यार्थीसहितको टोलीले शनिबार सरसफाइसहितको अभियानमा जुटेका थिए । स्वास्थ्य कार्यालय र भ्याली कलेज काठमाडौंको प्राविधिक सहयोगमा एडिस एजिप्टाइ जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने सङ्क्रामक सरुवा रोग खोज्ने र नष्ट गर्ने कामसहित डेङ्गु नियन्त्रणको योजना बनाउन वडास्तरमा अभिमुखीकरणसमेत गरिएको थियो ।

जिल्लामा सबैभन्दा धेरै जोखिम बेनीबजार रहेकाले सर्च एण्ड डिस्ट्रोए कार्यक्रममा जोड दिनुपर्ने, विद्यालयस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन, बिरामीले हेलचेक्रयाइँ गर्न नहुने, स्वास्थ्यकर्मीसँग परामर्श नगरी औषधि सेवन गर्न नहुने लगायतका बारेमा समुदायमा माइकिङसमेत गरिएको छ।

डेङ्गुको सङ्क्रमणबाट बच्न सुरुमा आफ्नै घर वरपर रहेको पानी जम्ने खाल्टाखुल्टी पुर्ने, गमलामा जम्मा भएको पानी फाल्ने र रामखुट्टेको लार्भा फाल्नका लागि सचेतनामूलक कार्यक्रम वडावडामा पुऱ्याउन थालिएको स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख एकनारायण लम्सालले बताउनुभयो ।

लामखुट्टेको टोकाइबाट यो रोग सर्ने भएकाले आफ्नो घर वरिपरि पानी जम्न नदिइ सफा तथा डेङ्गु बिरामीबाट अर्को बिरामीमा समेत सजिलै सङ्क्रमण फैलिने भएकाले सतर्कता अपनाउनुपर्छ। डेङ्गुबाट जोगिन वनजङ्गलमा घाँस, दाउरा ल्याउन जाने, पशुचौपाया राख्ने गोठ आसपासका क्षेत्र, घरभित्र र वरपरको वातावरण सफा राख्ने, झाडीमा जाँदा शरीर ढाक्ने कपडा लगाउनुपर्छ। डेङ्गु भाइरसद्वारा सङ्क्रमित 'एडिज एजिप्टी' र 'एडिज एल्बोपिक्टस' जातका पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्छ।

पसल बिक्रीमा
पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।
सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

# गाउँमै स्वास्थ्य केन्द्र पुग्यो, सिस्नेपानीका स्थानिय हर्षित

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २ असोज




गाउँमै आधारभुत स्वास्थ्य केन्द्र पुगेसगै अर्जुनचौपारी १ सिस्नेपानी क्षेत्रका स्थानिय नागरिक हर्षित भएका छन् । साढे दुई बर्ष पहिला स्थापना भएर अर्जुन चौपारी बजारमा रहेको स्वास्थ्य केन्द्र पायक पर्ने सिस्नेपानी पुगेसगै हर्षित हुनुका साथै उत्साहित भएको मनकामना महिला कृषक समुहको अध्यक्ष रुपा घिमिरेले बताइन् । सामान्य ज्वरो आएर सिटामोल, घास काट्न जादाँ लागेका घाउँको उपचार गर्दा अर्जुनचौपारी, स्याङ्जा बजार, बयरघारी जानु पर्ने बाध्यताको अन्त्य भएको घिमिरेले बताइन् ।

गाउँमै आधारभुत स्वास्थ्य केन्द्र आएसगै घण्टौ लगाएर र आवश्यक भन्दा बढी रकम खर्चेर गरेर उपचार गर्नुपर्ने दुखको यहाँका नागरिकलाई अन्त्य भएको छ । स्वास्थ्य शाखाँ स्थपना भएसगै यहाँको साबिक अर्जुनचौपारी गाबिस १, २, ३ तथा पुतलीबजार नगरपालिका १३ का मैनीखामाका नागरिकलाई सहज हुने छ। घिमिरे जस्तै पुतलीबजार नगरपालिका १३ का वडा सदस्य सुर्य बहादुर रोकाले सक्षमले शहर बजार लगेर उपचार गर्न सक्ने भएपनि आधारभुत स्वास्थ्य केन्द्र स्थापना पश्चात गरिब र निमुखाले न्याय पाएको बताए । अर्जुनचौपारी २ को स्वास्थ्य केन्द्र बजारमा हुदा हुदै पनि पुर्वाग्रहको आधारमा बजारमै वडा नम्बर १ को आधारभुत केन्द्र राखिएको बताउदै स्थायिन समाजसेवी बोध नारायण रेग्मीले नयाँ जनप्रतिनिधी निर्वाचित भएसगै पुरानो माग अनुसार वडाको मनासिब ठाउँमा सेवा केन्द्र राखिएको बताए । कार्यक्रममा गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले नागरिकको हितमा हुने गरी वडाको मध्य भागमा स्वास्थ्य सेवा केन्द्र सारिएको बताए । बिगतमा पाचै बर्ष जनप्रतिनिधीले राजनिती मात्र गरेका बताउदै तिवारीले आफ्नो कार्यकालमा पालिकाको हरेक क्षेत्रको बिकासमा कुनै कसर नराख्ने बताए । कार्यक्रमम उपाध्यक्ष सपना गुरुङ, प्रमुख प्रसासकिय अधिकृत उज्वल बहादुर बस्नेत, नेकाका जिल्ला सदस्य बोध नारायण रेग्मी, नेकपा एमालेका वडा अध्यक्ष मिन बहादुर खड्का, राप्रपा नेपालका भिम बहादुर गोदार, स्थायिन समाजसेवी तोय नारायण रिजाल लगायतले मन्तब्य राखेका थिए । मनकामना महिला कृष समुहको भवनमा स्थापना गरिएको आधार भुत स्वास्थ्य केन्द्रमा अहेब, अनमी र कास सहित तीन जना कर्मचारी रहने छन् ।

# राष्ट्रिय चिकित्सक सङ्घको अध्यक्षमा डा गौतम

रासस
काठमाडौं, २ असोज

राष्ट्रिय चिकित्सक सङ्घको अध्यक्षमा डा जागेश्वर गौतम निर्वाचित हुनुभएको छ ।

शनिबार सम्पन्न सङ्घको दोस्रो राष्ट्रिय सम्मेलनले डा गौतमको अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको सङ्घका निवर्तमान अध्यक्ष डा सन्तोष पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलनले उपाध्यक्षमा डा रणजितकुमार झा, डा नवीन पोखरेल र डा रक्षा श्रेष्ठलाई चयन गरेको छ। यसैगरी सङ्घको महासचिवमा डा पुष्पमणि खराल, कोषाध्यक्षमा डा सुनिल गजुरेल, सचिवमा डा मिलन गैरे, डा छवि पन्थी र डा क्रिष्टिना श्रेष्ठ रहनुभएको छ।

सम्मेलनले सातवटै प्रदेशको संयोजकसमेत तोकेको छ। केन्द्रीय सदस्यलाई प्रदेश संयोजक तोकिएको छ । यस्तै प्रदेश १ मा डा प्रमोद बराल, मधेसमा डा महेश महासेठ, बागमती प्रदेशमा डा जगदीश थापा, गण्डकी प्रदेशमा डा डेविड श्रेष्ठ, लुम्बिनी प्रदेशमा डा सागर न्यौपाने, कर्णाली प्रदेशमा डा कविराज पौडेल, सुदूरपश्चिम प्रदेशमा डा निरज अर्याल र काठमाडौं उपत्यकामा डा कालुसिंह खत्रीलाई चयन गरेको छ।

नवनिर्वाचित अध्यक्ष डा गौतमले चिकित्सकको हकहित र सङ्गठन विस्तारको काम गर्ने बताउनुभयो। अहिले सङ्घका बागमती प्रदेश र लुम्बिनी प्रदेशमा कमिटी तथा देशभरि नौवटा शाखा रहेका छन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९९७/०९/१० गते

स्वर्गारोहणः २०७९/०५/२२ गते

**स्व. भुनुमाया ताम्राकार**

यस समितिका आजीवन सदस्य एवं भैरव नृत्य कलाकार श्री माधव ताम्राकारकी प्रातः स्मरणीय ममतामयी आमा भुनुमाया ताम्राकारको असामयीक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री भैरवनाथले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

तिर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
**पोखरा**

# मुस्ताङमा रायो चौडापातको चर्चा

रासस
मुस्ताङ, २ असोज

शीतोष्ण बागवाणी विकास केन्द्र मुस्ताङले आफ्नो ५६औँ वार्षिक स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ। केन्द्र स्थापनाको हिसाबले ५६औँ वसन्तपार गरेको भएता पनि गत सालदेखि केन्द्रले नयाँ कार्यको थालनी गरेको केन्द्रका लेखापाल दिनेश सुवेदीले बताउनुभयो।

स्थापना दिवस मनाउनुको मुख्य अर्थ भनेको केन्द्रभित्रका सबै कर्मचारी र मजदुरबीच आपसी भाइचारा कायम गर्नु रहेको सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, “गतसालदेखि हामीले शीतोष्ण बागवाणी विकास केन्द्रको स्थापना दिवस मनाउन सुरु गरेको हौँ, अबदेखि केन्द्रको स्थापना दिवस कार्यक्रम प्रत्येक वर्ष निरन्तर रूपमा अगाडि बढ्छ।” विसं २०२३ मा स्थापना भएको शीतोष्ण बागवाणी विकास केन्द्रले हालसम्म जिल्लामा धेरै योगदान पुऱ्याएको छ। केन्द्रमा हाल ५० जातभन्दा बढी स्याउ उत्पादन हुन्छ । रेड डेलिसियस, रोयल डेलिसियस र गोल्डेन डेलिसियस केन्द्रभित्रको मुख्य आकर्षणको स्याउ मध्येमा पर्छन् । साथै केन्द्रभित्र ओखर, कागती, बदाम, नास्पाती, कटुस, खुर्पानी, चिली, आरुलगायतअन्य धेरै फलफूल उत्पादन, बिक्री वितरण र प्रशोधन हुँदै आइरहेको छ।

पछिल्लो समय देशभरबाट रायो चौडापातको चर्चा चलिरहँदा मुस्ताङलाई यसको मुख्य केन्द्रका रूपमा स्थापित गर्नुपर्ने देखिएको कार्यक्रममा उपस्थित सहभागीले बताउनुभयो । अहिले रायो चौडापात शीतोष्ण बागावाणी केन्द्र र स्थानीयवासीले व्यापकरूपमा लगाउने गरेका छन् । आम्दानी राम्रो हुने भएपछि रायो चौडापात उत्पादनमा सबैको आकर्षण बढेको हो । सिजनमा सागको रूपमा प्रयोग हुन्छ। पछि बीउ र गुन्द्रुकको लागि प्रयोग हुने र भने जस्तो रकम हात पर्ने भएपछि सबै यसप्रति आकर्षित भएको पाइएको छ । राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुख राजेन्द्र कोइरालाले मुस्ताङ आफैँमाएउटाब्राण्डभएकालेयसको प्रचारप्रसारमा कुनै कसर बाँकी राख्न नहुने बताउनुभयो। विशेषगरी उहाँले खेर गएका जमिनलाई सदुपयोग गरी सबैभन्दा बढी फलफूल तथा नर्सरी उत्पादनमा नै जोड दिनुपर्नेमा सबैलाई ध्यान केन्द्रित गराउनुभएको थियो । मुस्ताङको पहिचानको रूपमा रहेको स्याउलाई व्यावसायिकरूपमा अगाडि बढाउन उहाँलेसबैलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “मुस्ताङको स्याउ भनेको यहाँको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने एउटा गतिलो माध्यम हो ।” उहाँले चौडापात (रायो) सागको खुलेर प्रशंसा गर्नुभयो । उहाँको अनुसार रायो चौडापात मुस्ताङको अर्को एउटा ब्राण्ड हो । सबैको भान्सामा पाक्ने रायो साग अहिले सबैका लागि अनिवार्य जस्तै भइसकेको छ । रायो चौडापात जस्तो ब्राण्डिङ तरकारीलाई सबैले महत्वका साथ हेरिनुपर्ने उहाँले बताउनुभयो । उहाँले मुस्ताङ सडक सञ्जालले छोएको र यहाँको सबै चिज मूल्यवान् रहेका कारण सरोकारवाला निकायबीच समन्वय गरी खेर गएका जमिनलाई सदुपयोग गर्न कोइरालाले केन्द्रलाई अपिल गर्नुभयो।

सुरुवाती चरणमा २१ रोपनी क्षेत्रफलबाट सुरु भएको शीतोष्ण बागवाणी विकास केन्द्र हाल एक सय ९६ रोपनी क्षेत्रफलमा फैलिएको छ । चार ओटा ब्लकमा स्थापित केन्द्रको विशेषगरी फलफूल उत्पादन नै मुख्य कार्य हो । यसमध्ये २० रोपनी क्षेत्रफल नर्सरीको रूपमा प्रयोग भइरहेको केन्द्रले जनाएको छ । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गर्नुभयो । शीतोष्ण बागवाणी विकास केन्द्रभित्रको सेवा सुविधा र यसको विकासमा सबैले ध्यान दिन जरुरी रहेको लालचनले बताउनुभयो।

तत्कालीन अवस्थाबाट यहाँसम्म आइपुग्दा केन्द्रले गर्ने कार्य प्रशंसनीय रहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, “केन्द्रले सिकाएको बाटोमा हिँडेर नै स्थानीयवासीले विभिन्न किसिमका चिज उत्पादन गरेर जीविकोपार्जनमा अग्रसर रहेको पाइएको छ।” यस्तै पर्यटन प्रवर्द्धनमा शीतोष्ण बागवाणी विकास केन्द्र अगाडि नै रहेको उहाँले बताउनुभयो। विशेषगरी पछिल्लो समय स्थानीय कृषकसँगको सहकार्य र समन्वय अलि साघुँरिदै गएकाले बेलाबेलामा यसप्रकारको कार्यक्रम आयोजना महत्वपूर्ण हुने अध्यक्ष लालचनले बताउनुभयो।

सुरुआती चरणमा केन्द्रलाई जग्गा उपलब्ध गराउनुहुने सबै दानवीरको पहिचान गरी आगामी वर्ष स्थापना दिवस कार्यक्रमको अवसर पारेर सम्मान गरिने केन्द्रका लेखापाल सुवेदीले बताउनुभयो।

# अष्ट्रेलिया अध्ययनका लागि म्याक्सी म्याक्स पोखरामा विस्तार

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

अष्ट्रेलियामा मुख्य कार्यलय रहेको शैक्षिक परामर्श केन्द्र म्याक्सी म्याक्स एजुकेशन एण्ड माइग्रेसन सर्भिसको शाखा पोखरामा विस्तार भएको छ।

पोखरामा आयोजित एक कार्यक्रममा शैक्षिक परामर्श केन्द्रको उद्घाट्न उहाँकै बुवा साहित्यकार कवि विष्णुकुमार श्रेष्ठ अल्पविराम र आमा राजेश्वरी श्रेष्ठ ले म्याक्सी म्याक्स को लोगो अंकित ब्यानर अनावरण तथा कवि तीर्थ श्रेष्ठले पानसमा बत्ती बालेर शुभारम्भ गर्नुभएको हो । नेपाली संगीतमा ख्याती कमाएका पोखरेली ब्याण्ड कन्दराका गायक बिबेक श्रेष्ठको समेत लगानी रहेको म्याक्सी म्याक्सको पोखरा शाखा नेपालका लागि तेस्रो शाखा हो।

यस अघि नेपालमा चितवनको पर्सा तथा काठमाण्डौको कुमारीपाटीमा सञ्चालनमा आएको छ । यस बाहेक म्यानमार, लाओस, फिलिपिन्समा समेत यसको शाखा विस्तार गरिएको पोखराका निर्देशक श्रेष्ठले बताउभयो।

म्याक्सी म्याक्सले अष्ट्रेलिया लगायत अमेरिका, क्यानडा, युके, युरोपेली देशहरुका कलेज तथा युनिभर्सिटी अध्ययनका लागि परामर्श तथा सेवा प्रदान गर्दै आइरहेको छ।

कार्यक्रममा बिभिन्न कलेज तथा युनिभर्सिटीका प्रतिनिधीहरुले अष्ट्रेलियामा अर्न्तराष्ट्रिय विद्यार्थीहरुले पढ्न पाउने विषय र अवसर तथा त्यसका लागि चाहिने प्रकृयाका बारेमा




अवगत गराएका थिए । पोखरा चिप्लेढुङ्गाको आयुष प्लाजामा अवस्थित शैक्षिक परामर्श केन्द्रले विद्यार्थीहरुका लागि कलेज, युनिभर्सिटी तथा विषय छान्न का लागि परामर्श र प्रकृयाका सहयोग गर्नेछ। यसका अलावा दक्ष जनशक्तीहरुलाई माइग्रेशन सम्बन्धी सेवा तथा भिजिट भिसामा जान चाहनेहरुका लागि पनि उचित परामर्श, डकुमेन्टेशन तथा प्रकृयाका लागि सेवा प्रदान गर्ने श्रेष्ठले बताउनुभयो।

# पोखरा ३० मा जेष्ठ नागरीक दीवा सेवा

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

पोखरा ३० गगनगौडामा जेष्ठ नागरीक दिवा सेवा केन्द्र शुरु गरीएको छ।

श्री राम मन्दिर समिति द्धारा संचालन गर्ने गरी शुरु गरीएको केन्द्रमा जेष्ठ नागरीकको सम्मान अनुभव आदानप्रदान गराउने उदेश्य रहेको अध्यक्ष अर्जुन बहादुर बस्नेतले बताए । सो केन्द्रको शुभारम्भ गदै राष्टिय परोपकार महासंग केन्द्रीय अध्यक्ष भागवत भाष्कर कमल नयन गौतमले जेष्ठ नागरीकको सम्मान गर्ने हो भने बृदा आश्राम हटाई दिवा सेवा केन्द्र मार्फत



सबै नागरीक परिवारमा बस्न सक्ने वातावरण बनाउनु पर्ने बताए। कार्यक्रममा पोखरा महानगर जेष्ठ नागरीक समितिका संयोजक भुपेद्र गीरी ले महानगर मातहातमा रहेर केन्द्रहरुलाई ब्यवस्थीत गर्न महानगरले तयारी गरेको बताए। कार्यक्रममा रुपा गाउपालिका उपाध्यक्ष मनसुबा गुरुङले राज्यले हरेक क्षेत्रमा जेष्ठ नागरीकलाई सम्मान गदै आएको बताइन। केन्द्रका अध्यक्ष अर्जुन बहादुर बस्नेतको सभापतित्वमा भएको कार्यक्रममा वार्ड नं ३० का अध्यक्ष दुर्गा प्रसाद सुवेदी, तत्कालिन लेखनाथ नगरपालिका प्रमुख बिष्णु प्रसाद पौडेल, पूव वार्ड अध्यक्ष डिल्लीराम पौडेल, सराङकोट बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्ण बहादुर थापा, जेष्ठ सदस्य तुल्सी प्रसाद लिगल, जेष्ठ नागरीक सेवा शिशुवाका अध्यक्ष वोधराज काफ्ले, उपाध्यक्ष रामकृष्ण अधिकारी, सचिव विश्वमोहन पौडेल लगायतले आ आफ्नो भनाइ राखेका थिए।

असोज १ गतेबाट रेडियो सराङकोट बाट जेष्ठ नागरीकको सम्मान का लागी दिउसो १२ देखि १ बजे सम्म जेष्ठ नागरीक संकृतन कार्यक्रमको शुभारम्म गरीएको थियो । कार्यक्रममा विभिन्न समुहबाट भजन सहित धार्मिक प्रस्तुतीहरु राखिएको थियो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. सं. १९९२/03/१५ गते

स्वः मनिजङ गुरुङ

स्वर्गारोहणः
वि. सं. २०७९/04/२९ गते

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा साविक घर भई हाल बराल डाँडा निवासी **मनिजंङ गुरुङ** को ८७ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको ३७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं।

जुमप्रसाद गुरुङ
अध्यक्ष तथा
बराल डाँडा तमु समाज सेवा समिति परिवार
शितलादेवी-१२, पोखरा

मञ्जु गुरुङ
अध्यक्ष तथा
सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार
पोखरा